# धर्मदेवी नगरपालिका, सङ्खुवासभा

# स्थानीय राजपत्र

खण्डः ७ | सङ्ख्याः ४ | मितिः २०८२/१०/२५

## भाग – २

## धर्मदेवी नगरपालिका, सङ्खुवासभा

फुसको छानो हटाउने कार्यक्रमका लागि जस्तापाता वितरण सम्बन्धी कार्यविधि, २०८२

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

# फुसको छानो हटाउने कार्यक्रमका लागि जस्तापाता वितरण सम्बन्धी कार्यविधि, २०८२

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/१०/२३**

**प्रस्तावना :** धर्मदेवी नगरपालिकालाई फुसको छानो मुक्त नगरपालिका बनाई नगरबासीलाई सुरक्षित आवासको व्यवस्था गरी संविधान प्रदत्त आवासको अधिकारको प्रत्याभूति गराउन वाञ्छनीय भएकोले प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७६ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले देहायको कार्यविधि बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "फुसको छानो हटाउने कार्यक्रमका लागि जस्ता पाता वितरण सम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अनुगमन तथा मूल्याङ्कन समिति" भन्नाले यस कार्यविधिको दफा १३ बमोजिम गठन गरिएको समितिलाई बुझाउँछ।

(ख) "उप–प्रमुख" भन्नाले धर्मदेवी नगरपालिकाका उपप्रमुखलाई जनाउँछ।

(ग) "कार्यपालिका" भन्नाले धर्मदेवी नगरपालिकाको नगर कार्यपालिकालाई बुझाउँछ।

(घ) "छनोट समिति" भन्नाले यस कार्यविधिको दफा ११ बमोजिम गठन गरिएको समितिलाई जनाउँछ।

(ङ) "नगरपालिका" भन्नाले धर्मदेवी नगरपालिकालाई बुझाउँछ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रूपमा कार्य गर्न तोकिएको कर्मचारीलाई जनाउँछ।

(छ) "प्रमुख" भन्नाले नगर कार्यपालिकाका प्रमुखलाई बुझाउँछ।

(ज) "प्राविधिक" भन्नाले पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत प्राविधिक कर्मचारीलाई जनाउँछ।

(झ) "फुसको छानो" भन्नाले जस्तापाता बाहेक फुस, पराल, खर, काठ, बाँस, टाटी, प्लास्टिक लगायत अन्य कच्चा वा अल्पकालीन सामग्री प्रयोग गरी परम्परागत वा अस्थायी रूपमा निर्माण गरिएको, वर्षा, हावाहुरी, आगलागी तथा अन्य प्राकृतिक जोखिमबाट पर्याप्त सुरक्षा दिन नसक्ने किसिमको छानोलाई बुझाउँछ।

धर्मदेवी नगरपालिका, संखुवासभा

(ञ) "लाभग्राही" भन्नाले यस कार्यविधिको दफा ४ बमोजिम पहिचान गरिएका व्यक्ति वा परिवारलाई जनाउँछ।

(ट) "वडा कार्यालय" भन्नाले धर्मदेवी नगरपालिकाको वडा कार्यालयलाई बुझाउँछ।

(ठ) "संरचना" भन्नाले घर, टहरा, गोदाम, सेड, ग्यारेज तथा पर्खाल जस्ता स्थायी निर्माण संरचनालाई जनाउँछ।

(ड) "सभा" भन्नाले धर्मदेवी नगरपालिकाको नगर सभालाई बुझाउँछ।

(ढ) "सम्पत्ति" भन्नाले कुनै व्यक्तिको नाममा धर्मदेवी नगरपालिकाको क्षेत्रभित्र रहेको जग्गा तथा सो जग्गामा निर्मित संरचनालाई जनाउँछ।

(ण) "स्थलगत सर्वेक्षण" भन्नाले नगरपालिकाद्वारा गठन गरिएको कर्मचारीको टोली वा नगरपालिकाबाट खटाइएको कुनै कर्मचारीले स्थलगत रूपमा छलफल समेत गरी सूचना तथा तथ्याङ्क सङ्कलन गर्ने कार्यलाई बुझाउँछ।

३. <u>कार्यक्रमको उद्देश्य</u>: (१) यस कार्यविधिका उद्देश्यहरू देहाय बमोजिम रहनेछन् :-

(क) नगरपालिकालाई क्रमशः फुसको छानोमुक्त नगरपालिका घोषणा गर्ने लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने।

(ख) फुसको छानोका कारण उत्पन्न हुने आगो, वर्षा, हावा– हुरी तथा अन्य प्राकृतिक जोखिम न्यूनीकरण गरी नगरबासीलाई सुरक्षित, टिकाउ र मर्यादित आवासको व्यवस्था गर्ने।

(ग) आर्थिक रूपमा कमजोर, विपन्न, जोखिममा परेका तथा लक्षित वर्गका वृद्ध, एकल महिला, अनाथ बालबालिका तथा अपाङ्गता भएका व्यक्ति घरमूली भएका घरपरिवारलाई प्राथमिकताका आधारमा जस्तापाता उपलब्ध गराई नगरवासीलाई आवासको अधिकार सुनिश्चित गर्ने।

(घ) फुसको छानो हटाउने कार्यक्रम पारदर्शी, निष्पक्ष, प्रभावकारी र व्यवस्थित रूपमा कार्यान्वयन गर्न आवश्यक मापदण्ड, प्रक्रिया र जिम्मेवारी स्पष्ट गर्ने।

(ङ) नगरपालिकाले प्रचलित कानून,नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन मार्फत संविधान प्रदत्त मौलिक हक अन्तर्गत सुरक्षित आवासको प्रत्याभूति गर्ने।

(च) फुसको छानो हटाउने क्रममा हुने स्रोत– साधनको दुरुपयोग रोकथाम गरी उत्तरदायी र सुशासनमैत्री सेवा प्रवाह प्रणाली सुनिश्चित गर्ने।

## परिच्छेद-२

## <u>लक्षित वर्गको पहिचान र छनोटका आधार</u>

४. <u>लक्षित वर्गको पहिचान</u>: (१) लक्षित वर्गको पहिचान देहाय बमोजिमको आधारमा गरिनेछ :-

(क) लाभग्राही बसोबास गर्दै आएको घरमा परम्परागत वा अस्थायी रूपमा फुस, पराल, खर, काठ, बाँस, टाटी, प्लास्टिक लगायतका अन्य कच्चा वा अल्पकालीन सामाग्री प्रयोग गरी

निर्माण गरिएको, वर्षा, हावाहुरी, आगलागी तथा अन्य प्राकृतिक जोखिमबाट पर्याप्त सुरक्षा प्रदान गर्न नसक्ने किसिमको छानो छाएको,

(ख) गरिबीको रेखामुनी रहेको, आफैंले सुरक्षित आवास निर्माण गर्न चाहेको तथा निर्माण गरिरहेको घरपरिवार,

(ग) जग्गाधनी प्रमाणपूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण वा बिजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको प्रमाण,

(घ) विगतदेखि सो स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण,

(ङ) प्रकोपको कारण घरबार बिहिन भएको हकमा सम्बन्धित वडा समितिको निर्णय सहित वडा कार्यालयको सिफारिस,

(च) गरिबीको रेखामुनी रहेको लाभग्राहीको सम्बन्धमा सम्बन्धित वडा समितिको निर्णय सहित वडा कार्यालयको सिफारिस ।

५. <u>लाभग्राही छनोटको आधार तथा विधि</u> : (१) यस दफा बमोजिम लाभग्राही छनोट गर्दा नगरपालिकाको स्थायी वासिन्दा मध्ये ज्येष्ठ नागरिक, एकल महिला, अनाथ बालबालिका, अपाङ्गता भएका, आर्थिक तथा सामाजिक रुपले पिछडिएको तथा प्रकोपका कारण घरबारबिहिन भएका परिवारको घरमूलीलाई प्राथमिकता दिइनेछ ।

(२) यस कार्यविधि बमोजिम लाभग्राही छनोट गर्ने प्रयोजनका लागि लाभग्राहीले दफा ६ मा उल्लिखित कागजात सहित अनुसूची-१ बमोजिमको ढाँचामा सम्बन्धित वडा कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएपछि नगरपालिका क्षेत्रभित्र फुसको छानो भएको घरमा बसोबास गर्ने घरपरिवारको विवरण अद्यावधिक तथा यकिन गर्ने प्रयोजनका लागि सम्बन्धित वडा कार्यालयले प्राविधिक समेतको उपस्थितिमा स्थलगत रुपमा आवश्यक नापजाँच तथा जाँचबुझ गरी सङ्कलन भएको तथ्याङ्कलाई आधार बनाई सम्बन्धित वडा समितिको निर्णय अनुसार उपदफा (१) बमोजिम प्राथमिकताक्रम समेत निर्धारण गरी वडा कार्यालय मार्फत नगरपालिकाको कार्यालयमा पठाउनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको प्राथमिकताक्रम सहितको विवरण रुजु तथा यकिन गरी दफा ११ बमोजिमको छनोट समितिले वडागत लाभग्राहीको प्राथमिकताक्रम सहितको प्रारम्भिक सूची तयार गरी सम्बन्धित वडा कार्यालय मार्फत दाबी विरोधको लागि न्यूनतम सात दिनको म्याद दिई सूचना प्रकाशन गर्न लेखी पठाउनुपर्नेछ।

(५) उपदफा (४) बमोजिम सम्बन्धित वडा कार्यालयले नगरपालिकाबाट प्राप्त भएको सम्भावित लाभग्राहीको प्रारम्भिक सूची अन्तर्गतको घरमूलीको नाम समेत खुल्ने गरी सात दिनको समयावधि दिई अनुसूची-५ को ढाँचाबमोजिमको दाबी विरोध सम्बन्धी सूचना प्रकाशन गर्नुपर्नेछ।

(६) उपदफा (५) बमोजिम दाबी बिरोध गर्ने म्याद समाप्त भएपछि सम्बन्धित वडा समितिले दाबी विरोधको निवेदन पर्न आएको खण्डमा सोको निरुपण गरी प्राथमिकताक्रम सहितको लाभग्राहीको अन्तिम नामावली तयार गरी छनोट समितिमा पठाउनुपर्नेछ ।

(७) उपदफा (५) र (६) को प्रक्रिया पूरा भई सम्बन्धित वडा कार्यालयबाट प्राप्त भएका प्राथमिकताक्रम सहितको लाभग्राहीको नामावली उपर यस कार्यविधि बमोजिमपुनः रुजु तथा यकिन गरी लाभग्राही हुने घरपरिवारको दफा १२ को उपदफा (१) को खण्ड (क) बमोजिमको सङ्ख्या नबढ्ने गरी अन्तिम नामावली प्रकाशन गर्नुपर्नेछ । सो अन्तिम नामावलीलाई नगरपालिकाको वेबसाइट मार्फत प्रकाशन गर्ने तथा वडागत लाभग्राहीको प्राथमिकता सहितको विवरण तयार गरी यस कार्यविधिको परिच्छेद-३ बमोजिम आवश्यक प्रक्रिया अघि बढाउनसम्बन्धित वडा कार्यालयमा लेखी पठाउनुपर्नेछ ।

६. **लाभग्राहीले निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु :** (१) यस कार्यविधि बमोजिम लाभग्राही हुन इच्छुक नगरवासीले अनुसूची-१ बमोजिमको निवेदनका साथ देहायका कागजात संलग्न गर्नुपर्नेछ :-

(क) नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(ख) नगरपालिका क्षेत्र बाहिर जस्तापाताको छानो वा पक्की घर नभएको भनी घरधनीले अनुसूची-४ बमोजिम गरेको स्वःघोषणा।

(ग) जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि,

(घ) सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि,

(ङ) जग्गाधनी प्रमाणपुर्जा नभएका घरधनीको हकमा सम्बन्धित वडा कार्यालयको बसोबास प्रमाणित सिफारिसका साथै पानी तथा बिजुलीको विलको सक्कलै प्रति (यो खण्ड भूमीहिन सुकुम्बासी, जग्गा भएको तर घर नभएको तथा गुठी जग्गाको हकमा मात्रै लागू हुनेछ।)

(च) कुनै कारणले जग्गाधनी प्रमाणपुर्जा प्राप्त गर्नबाँकी रहेको भए सम्बन्धित वडा अध्यक्षको रोहवरमा कम्तिमा पाँच जनाको सर्जमिन मुचुल्का,

(छ) फुसको छानो भएको घरको अगाडी घरधनी समेत रहेको फोटो,

(ज) अंशबण्डा भई माना चामल छुट्टिएको परिवार भए सोलाई पुष्ट्याई गर्ने कागजात ।

(२) उपदफा (१) मा जेसुकै कुरा लेखिएको भए तापनि यस कार्यविधि बमोजिम लाभग्राही हुन निवेदन पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरूमध्ये केही कागजात तत्काल उपलब्ध हुन नसकेको वा अपूरो रहेको अवस्था भए पनि सम्बन्धित वडा कार्यालयले स्थलगत अनुगमन, स्थानीय तहको अभिलेख, सिफारिस तथा अन्य प्रमाणका आधारमा उक्त व्यक्ति वा घरपरिवार वास्तविक रूपमा यस कार्यक्रम अन्तर्गत लाभग्राही हुन योग्य रहेको सम्बन्धित वडा कार्यालयलाई लागेमा त्यस्तो लाभग्राहीलाई प्रारम्भिक लाभग्राही सूचीमा समावेश गर्न तथा यस

कार्यविधि बमोजिम तयार हुने अन्तिम वास्तविक लाभग्राही सूचीमा समावेश गर्न वाधा पर्ने छैन।

७. <u>लाभग्राहीमा नपर्ने</u> : (१) देहायमा उल्लिखित अवस्था भएमा यस कार्यविधि बमोजिमको लाभग्राही सूचीमा समावेश गरिने छैन :-

(क) बसाई सराई गरी गएको भएमा,

(ख) दुई वटा घर भई एक वटामा जस्तापाताको छाना लगाई सकेको भएमा,

(ग) नगरपालिका क्षेत्र बाहिर जस्तापाताको छानो वा पक्की घर नभएको भनी घरधनीले स्वःघोषणा नगरेमा।

## परिच्छेद-३

## <u>अनुदान रकम तथा कार्यक्रम कार्यान्वयन सम्वन्धी व्यवस्था</u>

८. <u>अनुदान, सम्झौता र वित्तीय व्यवस्थापन</u> : (१) यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्न नगरपालिकाले प्रत्येक आर्थिक वर्षको नगर परिषद्‌बाट बजेट तथा कार्यक्रम स्वीकृत गरी व्यवस्थापन गर्न सक्नेछ।

(२) नगरपालिकाले परिच्छेद-२ बमोजिम छनोट भएका लाभग्राहीसँग अनुसूची-२ बमोजिमको ढाँचामा अनुदान सम्झौता गर्न नगरपालिकाले तोकेको बैङ्कमा आफ्नो बैङ्क खाता खोली सम्झौताको लागि नगरपालिकामा निवेदन पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम सम्झौता भइसकेका लाभग्राहीलाई नगरपालिकाले जस्तापाता लगायतको निर्माण सामाग्री खरिद गर्न अनुदान वापतको रकम दुई किस्तामा उपलब्ध गराउनेछ ।

(४) उपदफा (३) बमोजिम अनुदान उपलब्ध गराउँदा नगरपालिकासँग सम्झौता भएपछि पहिलो किस्ता वापत साठी प्रतिशत रकम उपलब्ध गराइनेछ र लाभग्राहीले सो रकम जस्तापाता लगायतको सामाग्री खरिद तथा निर्माण कार्यको लागि मात्र खर्च गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त पहिलो किस्ताको रकमबाट जस्तापाता लगायतको सामाग्री खरिद गरी निर्माण कार्य सम्पन्न भएको भनी सम्वन्धित वडा हेर्नेप्राविधिकबाट अनुसूची-३ बमोजिमको प्राविधिक प्रतिवेदन सहित वडा कार्यालयको सिफारिस र जस्तापाता खरिद गरेको बीलका आधारमा लाभग्राहीलाई दोस्रो तथा अन्तिम किस्ता वापत चालिस प्रतिशत अनुदान रकम दफा १३ को उपदफा (१) को अनुगमन तथा मूल्याङ्कन समितिको प्रतिवेदनका आधारमा उपलब्ध गराइनेछ ।

(६) जस्तापाता वितरण सम्बन्धी अनुदान हस्तान्तरण गर्दा प्रति लाभग्राही परिवारलाई जस्तापाताको प्राविधिक नाँपका आधारमा अधिकतम पचास हजार रुपैयाँमा नबढ्ने गरी अनुदान हस्तान्तरण गरिनेछ ।

(७) प्रत्येक लाभग्राहीले जस्तापाता खरिद गर्दा मूल्य अभिवृद्धि करमा दर्ता भएका पसल/सप्लायर्ससँग मात्र खरिद गर्नुपर्नेछ ।

(८) लाभग्राहीलाई अन्तिम किस्ता बापतको भुक्तानी दिदाँ कार्यालयले नियमानुसार करकट्टी गरी बाँकी रकम भुक्तानी गर्नेछ ।

(९) यस कार्यविधि बमोजिम खरिद गर्नुपर्ने जस्तापाताको प्राविधिक गुणस्तर तथा स्पेसिफिकेसन कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

९. <u>अनुदान रकम असुल उपर गरिने</u> : कुनै लाभग्राहीले झुठा विवरण पेश गरी अनुदान रकम लिएको पाइएमा वा जुन प्रयोजनका लागि अनुदान रकम उपलब्ध गराइएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाइएमा वा किस्ता बमोजिमको गर्नुपर्ने कार्य प्रगति अनुदान उपलब्ध गराइएको मितिले साठी दिन भित्र नगरेमा लाभग्राहीबाट अनुदान रकम नगरपालिकाले प्रचलित नेपाल कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गर्नेछ ।

१०. <u>निर्माण सम्पन्न भएको मानिने</u> : सम्बन्धित वडा हेर्ने प्राविधिकबाट अनुसूची-३ बमोजिम प्रतिवेदन पेश भई वडा कार्यालयले प्रमाणित गरेपछि निर्माण कार्य सम्पन्न भएको मानिनेछ ।

## परिच्छेद-४

## <u>समिति तथा खर्च व्यवस्थापन सम्वन्धी व्यवस्था</u>

११. <u>छनोट समिति</u> : (१) सम्बन्धित वडा कार्यालयबाट यस कार्यविधि बमोजिम लाभग्राहीको रुपमा सिफारिस भई आएका घरधनीको अन्तिम छनोट गर्नका लागि देहाय बमोजिमको एक छनोट समिति रहनेछ :-

(क) उपप्रमुख, नगरपालिका - संयोजक

(ख) सम्बन्धित वडाका वडाध्यक्ष, नगरपालिका - सदस्य

(ग) प्राविधिक शाखाका प्राविधिक कर्मचारी, नगरपालिका - सदस्य

(घ) सम्बन्धित वडा हेर्ने प्राविधिक, नगरपालिका - सदस्य

(ङ) योजना शाखा प्रमुख, नगरपालिका - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले आवश्यकता र औचित्यको आधारमा कुनै दक्ष/विज्ञ तथा कर्मचारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

१२. <u>छनोट समितिको काम, कर्तव्य र अधिकार</u>: (१) छनोट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नगर परिषद्बाट स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र आवश्यकताको आधारमा फुसको छानो हटाउने कार्यक्रम कार्यान्वयनको लागि सम्बन्धित वडा कार्यालयबाट प्राप्त लाभग्राहीको सूची बमोजिम लाभग्राही हुने घर परिवारको अधिकतम सङ्ख्या निर्धारण गर्ने ।

(ख) दफा ५ को प्रक्रिया पूरा भई आए बमोजिम लाभग्राही हुने घरपरिवारको अन्तिम प्राथमिकताक्रम सूची निर्धारण गर्ने ।

(ग) प्राथिमकताको आधारमा छनोट भएको लाभग्राहीहरुको प्राविधिक प्रतिवेदन बमोजिम उपलब्ध गराइने अनुदान रकमको निर्धारण तथा पुनरावलोकन गर्ने ।
तर यसरी अनुदान रकमको निर्धारण गर्दा अधिकतम पचास हजार रुँपैयामा नबढ्ने गरी अनुदान रकम निर्धारण गर्नुपर्नेछ ।

(घ) कार्यक्रम कार्यान्वयनका क्रममा आइपरेका वाधा अड्चन फुकाउने ।

(ङ) कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित अन्य सरकारी निकाय, अनुगमन तथा मूल्याङ्कन समिति, वडा कार्यालय, प्राविधिक तथा सरोकारवाला पक्षहरूसँग समन्वय गर्ने।

१३. <u>अनुगमन तथा मूल्याङ्कन समिति</u> : (१) कार्यक्रमको समग्र पक्षको प्रभावकारीता सुनिश्चित गर्न देहाय बमोजिम एक अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ :-

| | |
|---|---|
| (क) नगर प्रमुख, नगरपालिका | - संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत, नगरपालिका | - सदस्य |
| (ग) प्राविधिक शाखा प्रमुख, नगरपालिका | - सदस्य |
| (घ) आर्थिक प्रशासन शाखा प्रमुख, नगरपालिका | - सदस्य |
| (ङ) प्रशासन शाखा प्रमुख, नगरपालिका | - सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिले आवश्यकता र औचित्यको आधारमा कुनै दक्ष/विज्ञ तथा कर्मचारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

१४. <u>अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार</u>: (१) अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) दफा ८को उपदफा (५) बमोजिम अन्तिम भुक्तानीका लागि पेश भएका लाभग्राहीको कार्य सम्पन्न भएपश्चात कार्यक्रमको प्रभावकारीता सुनिश्चित गर्न अनुगमन गर्ने।

(ख) कार्यक्रम कार्यान्वयनका क्रममा आइपरेका वाधा अड्चन फुकाउने सम्बन्धमा छनोट समितिलाई आवश्यक सहयोग गर्ने।

(ग) कार्यक्रमको समग्र प्रगति समिक्षा गरी भावी कार्यदिशा निर्धारण गर्न आवश्यकता अनुसार सुझाव सहित नगरपालिकामा प्रतिवेदन पेश गर्ने ।

(घ) दफा १२ बमोजिमको छनोट समितिको निर्णय पुनरावलोकन गरी आवश्यक निर्देशन दिने।

(२) अनुगमन तथा मूल्याङ्कन समितिले प्रत्येक लाभग्राहीको कार्य सम्पन्न पश्चात अनुगमन तथा मूल्याङ्कन गरी अनुसूची-६ बमोजिमको ढाँचामा अनुगमन तथा मूल्याङ्क प्रतिवेदन पेश गर्नुपर्नेछ।

१५. <u>बैठक सम्बन्धी कार्यविधि</u>: (१) दफा ११ र दफा १३ बमोजिमका समितिको बैठक संयोजकले तोकेको मिति र समयमा आवश्यकता बमोजिम बस्नेछ ।

(२) उपदफा (१) बमोजिमका समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१६. <u>बैठक भत्ता तथा कर्मचारी सेवा सुविधा</u>: (१) कर्मचारी तथा पदाधिकारीलाई यस कार्यविधि बमोजिम फिल्डमा खटिई काम गर्दा उपलब्ध गराइने सेवा सुविधा र यस कार्यविधि बमोजिम गठित समितिको बैठक तथा अनुगमन भत्ता यस नगरपालिकाको "कन्टिञ्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०८१" बमोजिम उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद-५

## <u>विविध</u>

१७. <u>विवादको समाधान</u>: यस कार्यविधि बमोजिमको कार्यक्रम कार्यान्वयनको क्रममा कुनै विवाद उत्पन्न भएमा दफा १३ बमोजिम अनुगमन तथा मूल्याङ्कन समितिले दिएको निर्णय अन्तिम हुनेछ ।

१८. <u>दण्ड जरिवाना तथा कारबाही हुने</u> : यस कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुट्टा विवरण पेशगरेमा वा त्यस्तो व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा त्यस्ता व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ र निजले नगरपालिकाबाट प्राप्त गर्ने सम्पूर्ण सेवा सुविधा एक आर्थिक वर्षको लागि बन्द गरिनेछ ।

१९. <u>सुविधा नपाउने</u>: यस कार्यविधिको उद्देश्यसँग मिल्ने प्रकृतिको अन्य कुनै कार्यक्रमबाट कुनै लाभग्राही लाभान्वित भइसकेको भए यस कार्यविधि बमोजिमको अनुदान उपलब्ध गराइने छैन।

२०. <u>प्रचलित कानुन बमोजिम हुने</u>: (१) यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम हुनेछ ।

(२) यस कार्यविधिको व्यवस्था अन्य नेपाल कानुनसँग बाझिएमा त्यस्तो बाझिएको हदसम्म प्रचलित नेपाल कानुनमा भएको व्यवस्था लागु हुनेछ ।

२१. <u>बाधा अड्काउ फुकाउने अधिकार</u> : यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

२२. <u>खारेजी र बचाउ</u> : (१) "धर्मदेवी नगरपालिकाको फुसको छानो हटाउने कार्यक्रमका लागि जस्तापाता वितरण सम्बन्धी कार्यविधि, २०८१" खारेज गरिएको छ।

(२) "धर्मदेवी नगरपालिकाको फुसको छानो हटाउने कार्यक्रमका लागि जस्तापाता वितरण सम्बन्धी कार्यविधि, २०८१" बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

अनुसूची-१

**दफा ५ को उपदफा (२) सँग सम्बन्धित**

फुसको छानो हटाउने कार्यक्रमका लागि जस्ता पाता वितरण कार्यक्रमका लागि दिइने निवेदनको ढाँचा।

**मितिः** २० ... .../... .../... ...

**विषयः** लाभग्राही सूचीमा समावेश गराइपाउँ।

श्रीमान् वडा अध्यक्षज्यू,
धर्मदेवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
वडा नं. ... ... को कार्यालय, ... ... ... ...सङ्खुवासभा।

प्रस्तुत विषयमा यो निवेदन पेस गर्दछु की म धर्मदेवी नगरपालिका ... ... नं. वडा बस्ने ... .... ... ... ... ... ... ... ... ... ... ... ... ... ... को नाती/बुहारी ... .... ... ... ... ... ... ... ... ... ... ... ... ... ... को छोरा/पत्नि ... .... ... ... ... ... ... ... ... ... ... ... को घर फुसको छानायुक्त बमोजिम रहेको र तहाँ नगरपालिकाको फुसको छानो हटाउने कार्यक्रमका लागि जस्तापाता वितरण कार्यक्रममा मेरो घर छनोट गरी लाभग्राही सूचीमा उपलब्ध गराइदिनुहुन तपसिलका कागजातहरु संलग्न गरी निवेदन पेस गरेको छु । बेहोरा साँचो छ, झुठो भएमा नगरपालिकाको कार्यविधि वा प्रचलित कानून बमोजिम सहुँला/बुझाउँला । साथै लाभग्राहीको अन्तिम छनोटमा समावेश भए पश्चात कार्यविधिमा तोकिएको म्यादभित्र सम्पन्न गरिसक्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु।

**तपसिलः**

१. नागरिकताको प्रतिलिपि।
२. जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि,
३. मालपोत/सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि,
४. हालसालै खिचेको फुसको छानो भएको घरको अगाडी घरधनी समेत रहेको फोटो।

निवेदक
नाम थर... ... ... ... ... ... ... ... ...
टोलको नाम... ... ... ... ... ... ... ...
मोवाइल नं... ... ... ... ... ... ... ....

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

**अनुसूची-२**

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

**लाभग्राहीसँग गरिने अनुदान सम्झौता पत्र**

| | |
|---|---|
| सर्वेक्षण घरधनी क्रम संख्या | |
| सम्झौता क्रमाङ्क संख्या | |

फुसको छाना भएको घर परिवारलाई जस्तापाताको छाना मुनि ल्याउने गरी सुरक्षित नागरिक आवास निर्माणका लागि सङ्खुवासभा जिल्ला धर्मदेवी न.पा. वडा नं. ... ... ... अन्तर्गत ... ... ... ... ... ... (नगर/टोल) का लाभग्राही श्री ... ... ... ... ... ... ... ... ... ... (**यस पछि प्रथम पक्ष भनिने**) र धर्मदेवी नगरपालिकाको कार्यालय (**यस पछि दोस्रो पक्ष भनिने**) बीच देहाय बमोजिमका शर्तहरुको अधिनमा रही **"फुसको छानो हटाउने कार्यक्रमका लागि जस्तापाता वितरण सम्बन्धी कार्यविधि, २०८२"** बमोजिम सुरक्षित नागरिक आवास निर्माण गर्न गराउन मिति २०... ... साल... ... ... ... महिना ... ... गतेका दिन यो अनुदान सम्झौता पत्रमा सही छाप दस्तखत गरेका छौं ।

**प्रथम पक्ष (लाभग्राही) ले मञ्जुर गरेका शर्तहरू:-**

१. मेरो घर फुसको छाना रहेको ठीक साँचो हो । मैले मेरो घर फुसको छानायुक्त रहेकोले **"फुसको छानो हटाउने कार्यक्रमका लागि जस्तापाता वितरण सम्बन्धी कार्यविधि, २०८२"** को एवं यो सम्झौता-पत्रमा उल्लिखित शर्त अनुरुप बनाउनेछु ।

२. नगरपालिकाले तोकेको स्पेसिफिकेशन बमोजिमको जस्तापाता खरिद गर्ने तथा डकर्मी, सिकर्मी, प्लम्बर, इलेक्ट्रिसियन र अन्य निर्माण कार्यमा लाग्ने सामग्री तथा श्रमिक जुटाउने एवं काममा लगाउने जिम्मेवारी मेरो हुनेछ ।

३. मैले प्राप्त गर्ने अनुदान रकम मेरो घरको छानाका लागि जस्तापाता खरिद कार्यका लागि मात्र खर्च गर्नेछु ।

४. मैले तोकिएको बैङ्कमा खोलिएको खाता मार्फत अनुदान रकम रु. ... ... ... ... ... /- (अक्षरुपी ... ... ... ... ... ... ... ... ... ... मात्र) प्राप्त गर्नेछु ।

५. मैले पहिलो किस्ता वापत ६०% रकम प्राप्त गर्नेछु । सो रकम जस्तापाता लगायतको सामाग्री खरिद गरी निर्माण कार्य अघि बढाउनको लागि खर्च गर्नेछु ।

६. मैले पहिलो किस्ताको रकमबाट जस्तापाता लगायतको निर्माण सामाग्री खरिद गरी निर्माण कार्य सम्पन्न भई प्राविधिक प्रतिवेदन प्राप्त भई आएपछि दोस्रो तथा अन्तिम किस्ता वापत ४०% रकम प्राप्त गर्नेछु ।

७. माथि उल्लेखित व्यहोरा ठीक साँचो हो । झुट्टा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला।

**दोस्रो पक्ष (धर्मदेवीनगर कार्यपालिकाको कार्यालय) ले मञ्जुर गरेका शर्तहरु**

प्रथम पक्षबाट उल्लिखित शर्तहरु पुरा भएको अवस्थामा निम्न अनुसारको अनुदान दोस्रो पक्षले बैङ्कमार्फत उपलब्ध गराउनेछ ।

| **प्रथम पक्ष (लाभग्राही)** |
|---|
| **(क) लाभग्राहीको व्यक्तिगत विवरण** |
| लाभग्राहीको नाम, थर (अंग्रेजीमा) : … … … … … … … … …. … …<br>लाभग्राहीको नाम, थर (नेपालीमा) : … … … … … … … … …. … …<br>**ठेगाना**<br>जिल्लाः ... ... ... ... ... ... ... म.न.पा./उ.म.न.पा./न.पा./गा.पा., ... ... ... ... ...वडा नं... ... ...<br>ना.प्र.नं... ... ... ... ... ... ... .... जारी जिल्लाः ... ... ... ... ... ... ... जारी मितिः ... ... ... ... ... ... ...<br>जन्म मितिः ... ... ... ... ... ... ... सम्पर्क फोन नं. ... ... ... ... ... ... ...<br>**स्थायी ठेगाना र नागरिकतामा उल्लिखित ठेगाना फरक भएमा**<br>**(बसाइसराइको विवरण उल्लेख गर्ने)**<br>बसाइसाराइ प्रमाणपत्र नं... ... ... ... ... ... ... ....<br>बसाइसाराइ मिति... ... ... ... ... ... ... ... |
| लाभग्राहीको फोटो<br>फोटो |
| **सम्झौता पत्रमा हस्ताक्षर गर्ने अधिकारी/मञ्जुरी प्राप्त व्यक्तिको विवरण**<br>(लाभग्राही उपस्थित हुन नसकेको अवस्थामा निजको प्रतिनिधि) |
| संरक्षक/अधिकार/मञ्जुरी प्राप्त व्यक्तिको नाम, थरः … … … … … … … … … … … … … … |
| **स्थायी ठेगाना**<br>जिल्लाः … … … … … … … … म.न.पा./उ.म.न.पा./न.पा./गा.पा. … … … … … … … …<br>वडा नं…. … … … … … … … … गाउँ/टोलः … … … … … … … …<br>ना.प्र.नं. … … … … … … … … … गाउँ/टोलः … … … … … … … …<br>जारी मितिः … … … … … … … जन्म मितिः … … … … … … … … |
| बाजेको नाम, थरः … … … … … … … … … … … …<br>बुवाको नाम, थरः … … … … … … … … … … … … |

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

लाभग्राहीसँगको नाताः … … … … … … … … … … … …

सम्पर्क फोन नं.… … … … … … … … … … … … …

लाभग्राही/संरक्षक/अधिकार प्राप्त व्यक्तिको औंठा छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

लाभग्राही/संरक्षक/अधिकार प्राप्त व्यक्तिको हस्ताक्षरः … … … … … … … … … … … …

मितिः … … … … … … … … … … … … …

**(ख) बैङ्क खाता विवरण (तोकिएको बैङ्कमा खाता खोलेकोमा विवरण उल्लेख गर्ने)**

बैङ्क खाता नं. : … … … … … … … … … … … … … … …

खातावालाको नाम, थरः … … … … … … … … … … … … …

बैङ्कको नामः … … … … … … … … … … … … …

शाखाः … … … … … … … … … … … … …

**(ग) घर निर्माण हुने जग्गाको विवरणः**

कित्ता नं. … … … … … … … … … … क्षेत्रफल … … … … … … … … … … वर्ग मिटर

ठेगानाः जिल्लाः ... ... ... ... ... म.न.पा./उ.म.न.पा./न.पा./गा.पा., ... ... ... ... ...वडा नं... ... ...

**(घ) इच्छाएको व्यक्तिको नाम, थरः** … … … … … … … … … … … … … … … … … … … …

**लाभग्रहीसँगको नाताः** … … … … … … … … … ...... … … … … … … … … …

**(ङ) साक्षीको नाम, थरः** … … … … … … … … … … … … … … … … … … … …

**हस्ताक्षरः** … … … … … … … … … … … … … … … … … … … …

दोस्रो पक्ष (धर्मदेवी नगर कार्यपालिकाको कार्यालय)

कार्यालयको नाम, ठेगानाः धर्मदेवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, मुढेशनिश्चरे।

अधिकार प्राप्त कर्मचारीको नामः … … … … … … … … … … … … … …

पदः … … … … … … … … … … … … … …

हस्ताक्षरः … … … … … … … … … … … … … …

मितिः २०… …/… …/… …

| कार्यालयको छाप |
|---|
| |

**आवश्यक कागजातहरुः**

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

२. नगरपालिका क्षेत्र बाहिर जस्तापाताको छानो वा पक्की घर नभएको भनी घरधनीले अनुसूची-४ बमोजिम गरेको स्वःघोषणा।

३. जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि,

४. सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि,

५. जग्गाधनी प्रमाणपुर्जा नभएका घरधनीको हकमा सम्बन्धित वडा कार्यालयको बसोबास प्रमाणित सिफारिसका साथै पानी तथा बिजुलीको विलको सक्कलै प्रति (यो खण्ड भूमीहिन सुकुम्बासी, जग्गा भएको तर घर नभएको तथा गुठी जग्गाको हकमा मात्रै लागू हुनेछ।)

६. कुनै कारणले जग्गाधनी प्रमाणपुर्जा प्राप्त गर्नबाँकी रहेको भए सम्बन्धित वडा अध्यक्षको रोहवरमा कम्तिमा पाँच जनाको सर्जमिन मुचुल्का,

७. फुसको छानो भएको घरको अगाडी घरधनी समेत रहेको फोटो,

८. अंशबण्डा भई मानो छुट्टिएको परिवार भए सोलाई पुष्ट्याई गर्ने कागजात ।

(**नोटः** उल्लिखित आवश्यक कागजातहरु मध्ये लाभग्राही हो भन्ने पुष्ट्याई हुने सबै वा केही कागजात संलग्न भए पनि प्रक्रिया पूरा भएको मानिनेछ ।)

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

**अनुसूची-३**

(दफा ८ को उपदफा (५) र दफा १० सँग सम्बन्धित)

**प्राविधिक प्रतिवेदन**

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
धर्मदेवी नगर कार्यपालिकाको कार्यालय
मुढेशनिश्चरे, सङ्खुवासभा ।

**विषय : प्राविधिक प्रतिवेदन पेश गरेको बारे ।**

उपरोक्त सम्वन्धमा देहायको विवरणहरु सहित प्राविधिक प्रतिवेदन पेशगरेको छु ।
लाभग्राहीको नाम :
लाभग्राहीको क्रमसंख्या :
लाभग्राहीको सम्झौताको क्रमसंख्या :
(जुन अवस्था हो सो मा रेजा [✓] लगाउने)
हालको अवस्था : [] सामान साइटमा उपलब्ध भएको (दोस्रो किस्ताको लागि)
[] कार्य सम्पन्न (कार्य सम्पन्नको हकमा) ।
सिफारिस : संलग्न फोटो बमोजिम कार्य भएकोले
[] अनुदानको दोस्रो किस्ता उपलब्ध गराउन सिफारिस गर्दछु ।
[] निर्माण सम्पन्न भएको व्यहोरा सिफारिस गर्दछु ।
(नोटः- प्रगतिको अवस्था देखिने गरी हालको फोटो प्रतिवेदनसँग संलग्न गर्ने।)

<u>प्रतिवेदकको</u>

दस्तखत : … … … … … … … …

नाम, थर : … … … … … … … …
पदः … … … … … … … …
कार्यालयः … … … … … … … …

मिति :२०… …/… …/… …

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

## अनुसूची-४

(दफा ६ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)

## स्वःघोषणा पत्र

म, श्री/श्रीमती/सुश्री ... ... ... ... ... ... ... ... ... ...

नागरिकता नं. ... ... ... ... ... ... ... ... ... ...

जारी जिल्ला ... ... ... ... ... ... ... ... ... ...

स्थायी ठेगानाः धर्मदेवी नगरपालिका वडा नं. ... ...,

हाल बसोबासः धर्मदेवी नगरपालिका वडा नं. ... ...,

यसै मार्फत देहाय बमोजिम स्वःघोषणा गर्दछुः

१. म धर्मदेवी नगरपालिका क्षेत्र बाहिर कुनै पनि स्थानमा जस्तापाताको छानो भएको घर वा पक्की घरको धनी होइन।

२. मेरो स्वामित्वमा नेपाल सरकारको प्रचलित कानुन बमोजिम अन्य कुनैजस्तापाताको छानो भएको तथा पक्की आवासीय भवन रहेको छैन।

३. म हाल फुसको छानो भएको घरमा बसोबास गर्दै आएको/आएकी छु।

४. मैले यस निवेदन तथा स्वःघोषणामा उल्लिखित विवरण बाहेक अन्य कुनै पनि नाम, नातेदार वा अन्य कुनै माध्यम प्रयोग गरी दोहोरो लाभ लिने प्रयास गरेको/गरेकी छैन।

५. म यस कार्यक्रम अन्तर्गत उपलब्ध गराइने अनुदानव्यक्तिगत आवास प्रयोजनका लागि मात्र प्रयोग गर्नेछु र व्यावसायिक, बिक्री वा हस्तान्तरण गर्ने छैन।

६. मैले यस कार्यक्रमबाट प्राप्त हुने अनुदान दुरुपयोग गरेको वा कार्यविधि विपरीत प्रयोग गरेको पाइएमा नगरपालिकाले तोकेको क्षतिपूर्ति तथा प्रचलित कानुन बमोजिमको कारबाही भोग्न तयार छु ।

७. मैले यस स्वःघोषणामा उल्लेखित विवरण परिवर्तन भएको अवस्थामा (जस्तै पक्की घर प्राप्त भएको, बसोबास परिवर्तन भएको आदि) सोको जानकारी यथाशीघ्र सम्बन्धित वडा कार्यालय वा नगरपालिकालाई गराउनेछु।

८. म यस कार्यक्रमको अनुगमन, निरीक्षण तथा तथ्याङ्क सङ्कलन कार्यमा नगरपालिकाले खटाएको कर्मचारी वा समितिलाई आवश्यक सहयोग गर्नेछु।

९. म यस कार्यक्रम अन्तर्गत लाभग्राहीका रूपमा छनौट नभएमा सो निर्णय उपर कुनै दाबी, उजुरी वा क्षतिपूर्तिको माग गर्ने छैन।

१०. म यस स्वःघोषणासँग सम्बन्धित कुनै पनि विवाद उत्पन्न भएमा धर्मदेवी नगरपालिकाको निर्णय अन्तिम र बाध्यकारी हुनेछ भनी स्वीकार गर्दछु।

११. यस घोषणामा उल्लेखित व्यहोरा सत्य, तथ्य र पूर्ण रूपमा सही छ।

१२. भविष्यमा यस घोषणामा उल्लिखित कुनै व्यहोरा झुट्टा वा गलत सावित भएमा प्रचलित कानुन बमोजिम कारबाही सहन म मञ्जुर छु।

यस कार्यविधि बमोजिम फुसको छानो हटाई जस्तापाताको छानो प्राप्त गर्न लाभग्राहीका रूपमा सूचीकृत हुन यो स्वःघोषणा पेश गरेको/गरेकी हुँ।

**घोषणा गर्नेको**

नामः ... ... ... ... ... ... ... ... ... ... ... ... ...

दस्तखतः ... ... ... ... ... ... ... ... ... ... ... ... ...

मितिः २०... .../... .../... ...

| दायाँ | बायाँ |
|---|---|
| | |

## अनुसूची-५
(दफा ५ को उपदफा (५) सँग सम्बन्धित)
**दाबी/विरोध सम्बन्धी सूचना**

धर्मदेवी नगरपालिका
वडा नं. ... को कार्यालय, सङ्खुवासभा
सूचना प्रकाशित मितिः २०... .../... .../... ...

यस नगरपालिका/वडा कार्यालय मार्फत सञ्चालन हुन गइरहेको फुसको छानो हटाई जस्तापाता वितरण कार्यक्रम अन्तर्गत नगरपालिकाबाट प्राप्त भएको सम्भावित लाभग्राहीहरूको प्राथमिकताक्रम सम्बन्धी प्रारम्भिक सूची यसै सूचना साथ सार्वजनिक गरिएको छ ।

उक्त प्रारम्भिक सूचीमा समावेश भएका लाभग्राही (घरमूली) को नाम, ठेगाना तथा विवरण उपर कुनै दाबी, विरोध वा उजुरी गर्नुपर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले सात (७) दिनभित्र वडा कार्यालयमा लिखित रूपमा पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तोकेको समयावधि भित्र दाबी/विरोध पेश नभएमा उक्त प्रारम्भिक सूचीलाई **फुसको छानो हटाउने कार्यक्रमका लागि जस्तापाता वितरण सम्बन्धी कार्यविधि,** २०८२ बमोजिम अन्तिम सूची निर्माणको आधार मानिनेछ ।

दाबी वा विरोध पेश गर्ने व्यक्तिले आफ्नो दाबी/विरोधको यथार्थता पुष्टि हुने सम्बन्धित प्रमाण, कागजात तथा आधारहरू अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ । पेश गरिएको विवरण, सूचना वा प्रमाणहरू झुठा, गलत वा भ्रामक रहेको भनी सम्बन्धित निकायबाट छानबिन गरी ठहर भएमा उजुरीकर्ता यस कार्यविधि बमोजिमको लाभग्राहीको प्रारम्भिक सूचीमा सूचीकृत व्यक्ति भए निजलाई उक्त प्रारम्भिक लाभग्राही सूचीबाट हटाइनेछ र प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरिनेछ। साथै, उजुरीकर्ता यस कार्यविधि बमोजिमको लाभग्राही सूचीमा सूचीकृत नभएको व्यक्ति भएमा निजलाई समेत प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

समयावधि समाप्त भए पश्चात प्राप्त दाबी/विरोध उपर कुनै कारबाही हुने छैन ।

वडा सचिव

नामः ... ... ... ... ... ... ... ... ... ... ... ...
दस्तखतः ... ... ... ... ... ... ... ... ... ... ...
छापः ... ... ... ... ... ... ... ... ... ... ... ...

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

## अनुसूची-६

(दफा १४ को उपदफा (२) सँग सम्बन्धित)

## अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन

**१. लाभग्राहीको विवरण**

- लाभग्राहीको नामः... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...
- नागरिकता नं. / परिचय खुल्ने विवरणः... ... ... ... ... ... ... ... ...... ... ... ... ... ... ... ... ... ...
- घरधनीको ठेगानाः
    - प्रदेशः कोशी
    - जिल्लाः सङ्खुवासभा
    - स्थानीय तहः धर्मदेवी नगरपालिका
    - वडानं.:... ...
    - टोलः... ... ... ... ... ... ... ... ... ...... ... ... ... ... ... ... ... ...

**२. कार्यक्रमको विवरण**

- कार्यक्रमको नामः फुसको छानो हटाउने कार्यक्रम
- कार्यविधिको नाम र वर्षः **फुसको छानो हटाउने कार्यक्रमका लागि जस्तापाता वितरण सम्बन्धी कार्यविधि, २०८२**
- प्राप्त पहिलो किस्ताको रकमः रु. ... ... ... ... ... ... ... ... .../-
- पहिलो किस्ता प्राप्त मितिः २० ... .../... .../... ...

**३. निर्माण/सुधार कार्यको विवरण**

- फुसको छानो हटाइएको अवस्थाः □ हो / □ होइन
- जस्तापाता जडान गरिएको अवस्थाः □ हो / □ होइन
- प्राविधिक स्पेसिफिकेसन बमोजिमको जस्तापाताः □ रहेको / □ नरहेको
- प्रयोग गरिएको जस्तापाताको विवरण (आकार/संख्या) : ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...
- प्रयोग भएका अन्य सामग्रीहरूको विवरणः ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...
- निर्माण कार्य सम्पन्न मितिः २० ... .../... .../... ...

**४. स्थलगत निरीक्षण तथा प्राविधिक मूल्याङ्कन**

मिति २० ... .../... .../... ... मा स्थलगत निरीक्षण गर्दा लाभग्राहीलेउपदफा (४) बमोजिम प्राप्त पहिलो किस्ताको रकमबाट जस्तापाता लगायत आवश्यक सामग्री खरिद गरी घरको फुसको छानो पूर्ण रूपमाहटाई जस्तापाता जडान गरी निर्माण कार्य सम्पन्न गरेको पाइयो □ / पाइएन □।

निर्माण कार्य कार्यविधि अनुसार सन्तोषजनक नदेखिएको □ / देखिएको □ व्यहोरा प्रमाणित गर्दछौं।

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

५. निष्कर्ष तथा सिफारिस

उपरोक्त विवरण तथा स्थलगत निरीक्षणका आधारमा लाभग्राहीलाई**दोस्रो तथा अन्तिम किस्ता वापत ४० प्रतिशत अनुदान रकम**दफा १४ को उपदफा (१) को खण्ड (क) बमोजिम उपलब्ध गराउन उपयुक्त देखिएकाले सिफारिस गर्दछौं ।

<u>अनुगमन तथा मूल्याङ्कन समितिका पदाधिकारीहरुः</u>

१. संयोजक श्री …………………………………………………………

२. सदस्य श्री ……………………………………………………………

३. सदस्य श्री ……………………………………………………………

४. सदस्य श्री ……………………………………………………………

५. सदस्य सचिव श्री ……………………………………………………

६. आमन्त्रित सदस्य श्री ………………………………………………

७. आमन्त्रित सदस्य श्री ………………………………………………

सम्वत २०……साल ………………………… महिना …… गते रोज …… शुभम् ।

आज्ञाले

प्रकाश गुरुङ्ग

प्रमुख प्रशासकीय अधिकृत

धर्मदेवी नगरपालिका, सङ्खुवासभा